# मण्डनदेउपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**महादेवस्थान, काभ्रेपलाञ्चोक**

**बागमती प्रदेश, नेपाल**

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७८/०९/२७)**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं २०७८/७९ च.नं. १४४ को मिति २०७८/०८/२६ को पत्रानुसार यस मण्डनदेउपुर नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१-२०७८/०७९ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. **आवश्यक न्युनतम योग्यता र अनुभव**

क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको

**ख) अनुभव र सीप** : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

ग) उमेर कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

२. **दरखास्त दिने स्थान** : मण्डनदेउपुर नगरकार्यपालिकाको कार्यालय

३. **दरखास्त दिने अन्तिम मिति**: २०७८/१०/११

४. **आवेदनको दस्तुर** : रु ४००/-

५. **छनौटको किसिम** : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. **आवेदन साथ संलग्न कागजातहरु** : आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरुरकता

- नागरिकता
- अनुभव खुल्ने कागजात
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
- २ प्रति पासपोर्ट आकारको फोटो
- चारित्रिक प्रमाण पत्र

७. सेवा सुविधा: गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण : गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

**नोट: आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np र www.mandandeupurmun.gov.np मा उपलब्ध छ ।**

**प्रमुख प्रशासकीय अधिकृत**